# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खत्याड, मुगु
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः०८०/०८१
मितिः२०८०/०८/२१

चलानी नं.

**साना सिंचाई कार्यक्रम कार्यान्वयनको लागी प्रस्ताव माग गर्ने सम्बन्धि सुचना**

**प्रथम पटक सुचना प्रकाशित २०८०/०८/२१**

यस खत्याड गाउँपालिकाको कार्यालय कृषि तर्फको चालु आ.व.२०८०/०८१ को संघिय सरकारबाट प्राप्त शसर्त अनुदान तर्फ स्थानिय तहमा वित्तिय हस्तान्तरित कार्यक्रम अनुसार प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि,२०८० को परिच्छेद २ को दफा ५ र परिच्छेद ३ को दफा ३७ बमोजिम साना सिंचाई प्रवर्द्धन कार्यक्रम संचालन गर्नुपर्ने भएकाले खत्याड गाउँपालिका अन्तर्गतका इच्छुक कृषि उद्यमी/कृषि फार्म/कृषक समुह तथा कृषि सहकारी संस्थाले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र अर्थात मिति २०८०/०९/१२ गते कार्यालय समय भित्र खत्याड गाउँ पालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ। साथै म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निवेदन मान्य हुने छैन भन्ने व्यहोराको जानकारी गराईन्छ।

<u>तपसिलः</u>

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | बजेट रू.लाखमा | अनुदान प्रतिशत | न्युनतम मापदण्ड |
|---|---|---|---|---|---|---|
| १ | साना सिचाई निर्माण/ स्तरोन्नति/मर्मत सुधार /हिउँ पोखरी/ प्लाष्ट्रि पोखरी / सिचाई पाईप | संख्या | ७ | ७.५ | निजि ५०% समुह/सहकारी ८५% | -कम्तिमा १-२ हे. खेतियोग्य जमिनमा सिंचाई गर्न सकिने । अथवा, कम्तिमा ४-६ रोपनी व्यवसायिक रूपमा खाद्यान्न तरकारी,फलफुल खेति गरेको । |

शुस्मा चलाउने
कृषि शाखा प्रमुख

नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत

<u>आवश्यक कागजातहरू</u>

१. रू. १० को टिकट सहित कार्यालयले निर्दिष्ट गरेको ढाँचामा तयार पारेको आवेदन फाराम,
२. कृषि फार्म/कृषक समुह/सहकारी दर्ता प्रमाणपत्र,PAN/VAT दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,
३. अध्यक्ष वा संचालक सदस्य तिन जनाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
४. कार्यक्रम मार्फत सिंचाई सुविधा विस्तार हुने जगाको क्षेत्रफल खुल्ने लालपुर्जाको प्रतिलिपी,
५. कृषक समुह,सहकारी संस्थाको हकमा कार्यक्रम संचालन सम्बन्धिको निर्णयको प्रतिलिपी,
६. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागी नेपाल सरकार/ प्रदेश सरकार/ स्थानीय तह/ अन्य संघ संस्थाबाट सोही कामको लागी सहयोग लिए / नलिएको स्वघोषणा पत्र ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
८. आयोजना माग गर्ने आवेदकले निवेदन दस्तुर रू.१०० खत्याड गाउँपालिकाको राजश्व शाखामा जम्मा गरी सक्कल भौचर वा नगदी रसिद पेश गर्नुपर्नेछ ।